नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सदस्य केन्द्रित कल्याणकारी नीति तथा कार्यविधि, २०८३

(सञ्चालक समितिको मिति २०८३/०५/२४ को बैठकबाट स्वीकृत भई आगामी साधारण सभाबाट अनुमोदनका लागि प्रस्तावित)

परिच्छेद - १

प्रारम्भिक, नीतिगत आधार तथा परिभाषाहरू

१. संक्षिप्त नाम, क्षेत्र र प्रारम्भ :

क. यस नीतिको नाम "नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य केन्द्रित कल्याणकारी नीति तथा कार्यविधि, २०८३" रहनेछ ।

ख. यो नीति नवकान्तिपुर साकोस (Nawakantipur SACCOS) का सम्पूर्ण सेवा केन्द्र, सदस्यहरू, सञ्चालक समिति र कर्मचारीहरूको हकमा लागू हुनेछ ।

ग. यो कार्यविधि संस्थाको वार्षिक साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. उद्देश्य तथा रणनीति :

क. नवकान्तिपुर साकोसका सदस्यहरूलाई संकटको समयमा संस्थाकै छत्रछायामा आर्थिक तथा सामाजिक सुरक्षाको प्रत्याभूति गराउन ।

ख. सदस्य र संस्था बीच "जन्मदेखि ज्येष्ठ अवस्थासम्म" (Birth to Golden Age) को सामाजिक सम्बन्धलाई सहकारीमार्फत जीवन्त बनाउन ।

ग. प्रतिस्पर्धी बजारमा पुराना इमान्दार सदस्यहरूलाई टिकाइराख्न (Member Retention) र नयाँ सदस्यहरूलाई आकर्षित गर्न ।

३. परिभाषाः

क. "संस्था": भन्नाले नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई सम्झनुपर्दछ ।

ख. "समिति" भन्नाले संस्थाको सञ्चालक समितिलाई सम्झनुपर्दछ ।

ग. "उपसमिति" भन्नाले यसै कार्यविधिको परिच्छेद २ बमोजिम गठित सदस्य कल्याणकारी उपसमितिलाई सम्झनु पर्दछ ।

घ. "कल्याणकारी कोष" भन्नाले सदस्यहरूको हितका लागि संस्थाको नाफा वा अन्य स्रोतबाट छुट्याइएको रकम सम्झनु पर्दछ ।

ङ. "नियमित सदस्य" भन्नाले संस्थाको विनियम बमोजिम शेयर खरिद गरी कम्तीमा ६ महिनादेखि नियमित बचत, ऋण वा अन्य सेवा उपभोग गरिरहेको सक्रिय सदस्य सम्झनु पर्दछ ।

च. "सदस्य" भन्नाले संस्थाको सेयर खरिद गरी सदस्यता प्राप्त गरेको र नियमित कारोबार गरिरहेको सेयर सदस्य बुझ्नु पर्दछ ।

छ. "हकवाला/इच्छाइएको व्यक्ति" भन्नाले सदस्यको मृत्यु वा अशक्तताको अवस्थामा राहत बुझ्न सदस्य आफैले खाता खोल्दा तोकेको परिवारको सदस्य वा कानुनी उत्तराधिकारी सम्झनु पर्दछ ।

ज. "कोष" भन्नाले सदस्यहरूको हितका लागि खडा गरिएको सदस्य कल्याणकारी कोष सम्झनु पर्दछ ।

परिच्छेद - २

सदस्य कल्याणकारी उपिसमितीको गठन तथा वित्तीय स्रोत

सदस्य कल्याणकारी कार्यक्रमलाई दिगो र संस्थागत रूपमा सञ्चालन गर्न नवकान्तिपुर साकोसमा एक स्थायी "नवकान्तिपुर सदस्य कल्याणकारी कोष" खडा गरिनेछ कोषको पारदर्शी र निष्पक्ष सञ्चालनका लागि सञ्चालक समितिले निम्न बमोजिमको ५ (पाच) सदस्यीय उपसमिति गठन गर्नेछ ।

संयोजक: सञ्चालक समितिले तोकेको सञ्चालक समितिको सदस्य - १ जना

सदस्य: शेयर सदस्यहरू मध्येबाट (कम्तीमा १ जना महिला अनिवार्य)-२ जना

सदस्यः लेखा सुपरिवेक्षण समितिले तोकेको प्रतिनिधि- १ जना

सदस्य सचिवः संस्थाको महाप्रबन्धक वा निजले तोकेको कर्मचारी - १ जना

४. कोषको संरचना र स्रोत व्यवस्थापन :

क. वार्षिक नाफाको हिस्साः संस्थाको खुद नाफा (Net Profit) बाट प्रत्येक वर्ष साधारण सभाको निर्णयअनुसार कम्तीमा ५% देखि अधिकतम १०% सम्मको रकम यस कोषमा स्थानान्तरण गरिनेछ ।

ख. सदस्य वार्षिक योगदानः प्रत्येक नया सदस्यले सदस्य बन्दा कल्याणकारी योगदान वापत सञ्चालक समितिले तोकेबमोजिम अनिवार्य योगदान गर्नेछन् ।

ग. कर्जा सुरक्षा प्रिमियम (Micro-insurance): ऋण लगानी गर्दा स्वीकृत कर्जा रकमको सञ्चालक समितिले तोकेबमोजिम कर्जा सुरक्षा शुल्क लिई यसै कोषमा सुरक्षित राखिनेछ ।

परिच्छेद - ३

विधागत कल्याणकारी सुविधाहरू र मापदण्ड

५ : "नवकान्तिपुर बाल तथा शिक्षा"प्रोत्साहन योजना :

क. सुत्केरी भेटघाट तथा शिशु उत्सव भत्ता : नवकान्तिपुर साकोसका महिला सदस्य वा पुरुष सदस्यकी श्रीमती सुत्केरी हुदा संस्थाको तर्फबाट रु. ५००० नगद र पोषण सामग्री सहित शिशुलाई स्वागत गरिनेछ । यस्तो सुविधा सदस्यको अधिकतम २ सन्तानसम्म मात्र उपलब्ध गराइनेछ ।

ख. उच्च शिक्षा जेहेन्दार छात्रवृत्ति : प्रत्येक वर्ष शेयर सदस्यका छोराछोरीहरू मध्ये SEE र कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने र विपन्न वर्गका विद्यार्थीलाई रु. १०,००१ सम्मको "नवकान्तिपुर उत्कृष्ट छात्रवृत्ति" र सम्मान-पत्र प्रदान गरिनेछ ।

६. "नवकान्तिपुर स्वास्थ्य राहत" योजना (Medical Subsidies) :

क. घातक रोग (Critical Illness) सहायता : क्यान्सर, मिर्गौला प्रत्यारोपण, मुटुको शल्यक्रिया, मस्तिष्क घात (Stroke) जस्ता जटिल रोग लागेका सदस्यलाई उपचारका लागि एकमुष्ठ रु. २५,००० सम्मको गैर-फिर्तायोग्य नगद राहत उपलब्ध गराइनेछ ।

ख. निःशुल्क स्वास्थ्य शिविर: संस्थाले प्रत्येक वर्ष आफ्नो कार्यक्षेत्रभित्र विशेषज्ञ डाक्टरहरु ल्याई निःशुल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गर्नेछ ।

७. "जीवन सुरक्षा" योजना:

क. सदस्य काजकिरिया राहत : बहालवाला सदस्यको असामयिक निधन भएमा निजको काजकिरिया र तत्कालको व्यवस्थापनका लागि इच्छाइएको व्यक्तिलाई आवेदन प्राप्त भएको ४८ घण्टाभित्र रु. १५,००० सम्मको नगद सहयोग बुझाइनेछ ।

८. "ज्येष्ठ नागरिक" सामाजिक सुरक्षा योजना :

क. थप ब्याज र पेन्सन : ६० वर्ष माथिका ज्येष्ठ नागरिक तथा एकल महिला सदस्यको मुद्दती वा साधारण बचतमा प्रचलित दरभन्दा ०.२५% थप ब्याज दिइनेछ । साथै मासिक निश्चित रकम जम्मा गर्ने गरी "नवकान्तिपुर वृद्धावस्था पेन्सन बचत" खाता लागू गरिनेछ।

ख. घरदैलो वित्तीय सेवा (Doorstep Banking) : शारीरिक रूपमा अशक्त र ज्येष्ठ नागरिक सदस्यहरूलाई पेन्सन, सामाजिक सुरक्षा भत्ता वा बचत झिक्न-राख्न कार्यालय आउनु नपर्ने गरी घरमै कर्मचारी पठाई सेवा दिइनेछ ।

ग. तीर्थाटन तथा ज्येष्ठ सदस्य सम्मान : प्रत्येक वर्ष संस्थाका ७० वर्ष नाघेका ज्येष्ठ सदस्यहरूलाई धार्मिक/पर्यटकीय भ्रमण-तीर्थाटन गराउने, सल ओढाउने र लौरो तथा नगद सहित सम्मान गर्ने कार्यक्रम गरिनेछ ।

परिच्छेद-४

सदस्य टिकाउ (Member Retention) तथा बफादारिता कार्यक्रम

९. संरक्षित पूँजी फिर्ता र बफादारिता (Patronage Refund) :

क. कारोबार प्रोत्साहन फिर्ता (Patronage Rebate) : नवकान्तिपुर साकोसले बजारमा सदस्य टिकाउनका लागि वर्षभरि नियमित बचत गर्ने र समयमै ऋणको किस्ता तिर्ने सदस्यलाई संस्थाको खुद नाफाको निश्चित हिस्सा "संरक्षित पूँजी फिर्ता कोष" मार्फत नगद वा शेयरमा फिर्ता दिनेछ ।

ख. लामो समयको आबद्धता पुरस्कार : संस्थामा निरन्तर १५ वर्ष वा सो भन्दा बढी समयदेखि अविच्छिन्न रूपमा कारोबार गरिरहेका बफादार सदस्यहरूलाई साधारण सभामा "Nawakantipur Loyalty Badge" र विशेष उपहारसहित सम्मान गरिनेछ ।

परिच्छेद - ५

राहत दाबी प्रक्रिया र सुशासन

१०. दाबी गर्ने प्रक्रिया र प्रमाणहरू :

क. कुनै पनि राहत वा कल्याणकारी सुविधा पाउनका लागि घटना घटेको ४५ दिनभित्र सदस्य वा निजको हकवालाले नवकान्तिपुर साकोसको तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

ख. आवश्यक कागजात : निवेदनको प्रकृति हेरी अस्पतालको डिस्चार्ज बिल, मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित, वा वडा कार्यालयको सिफारिस जस्ता कागजातहरु निवेदनका साथमा पेश गर्नुपर्नेछ ।

११. सुशासन र छानबिन उपसमिति :

राहत वितरण पारदर्शी बनाउन सञ्चालक समितिका १ जना सदस्यको संयोजकत्वमा गठन गरिएको ५ सदस्यीय "कल्याणकारी उपसमिति" को सिफारिस र स्वीकृतिका

आधारमा मात्र व्यवस्थापनले सहयोग रकम निकासा गर्नेछ । झुटो विवरण पेश गरी राहत लिएमा सदस्यता खारेज गरी कानुनी कारबाही गरिनेछ ।

मिति २०८३/०६/०७ गते सम्पन्न संस्थाको २९औं वार्षिक साधारण सभाबाट पारित

अनुसूची १

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सदस्य कल्याणकारी कोष दाबी फारम

श्रीमान् संयोजक ⁄अध्यक्ष ज्यू,

कल्याणकारी उपसमिति ⁄सञ्चालक समिति,

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

शाखा ⁄सेवा केन्द्रको नाम .....

विषयः कल्याणकारी कोषबाट आर्थिक सहायता ⁄ सुविधा पाउँ ।

महोदय,

यस नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था लि। को कल्याणकारी कार्यविधि ⁄कोष नियमावली बमोजिम तोकिएको सुविधा प्राप्त गर्न देहाय बमोजिमका विवरणहरू खुलाई निवेदन पेश गरेको छु।

१) सदस्य ⁄ कर्मचारीको विवरण

पूरा नाम, थर .....

सदस्यता नं.....नागरिकता नं.⁄ जिल्ला.....

स्थायी ठेगाना .....

हालको ठेगाना.....

सम्पर्क फोन नं. ..... ईमेल .....

२) दाबी गरिएको सुविधाको प्रकार

उपयुक्त योजनामा ***✓ चिन्ह लगाउनुहोस्***

“नवकान्तिपुर बाल तथा शिक्षा”प्रोत्साहन योजना

“नवकान्तिपुर स्वास्थ्य राहत” योजना

“जीवन सुरक्षा” योजना

“ज्येष्ठ नागरिक तथा एकल महिला” सामाजिक सुरक्षा योजना

३) दाबी सम्बन्धी विवरण

दाबी गरिएको रकम -अङ्कमा) रु .....

दाबी गरिएको रकम -अक्षरूपी) रु .....

सुविधा माग गर्नुको मुख्य कारण

.....

.....

.....

...

४) संलग्न कागजातहरू ✓ चिन्ह लगाउनुहोस्

नागरिकता र सदस्य परिचयपत्रको प्रतिलिपि

अस्पतालको बिल, डिस्चार्ज कार्ड वा चिकित्सकको सिफारिस पत्र

जन्म दर्ता र मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रयोजन अनुसार)

नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि

अन्य सम्बन्धित प्रमाण कागजातहरू

५) भुक्तानी लिने बैंक खाता विवरण

(सहकारीको खाता वा अन्य बैंक खाता)

बैंक / सहकारीको नाम .....

शाखा .....

खातावालाको नाम .....

खाता नम्बर .....

६) स्वघोषणा तथा प्रतिबद्धता

म घोषणा गर्दछु कि माथि उल्लिखित विवरण र संलग्न कागजातहरू पूर्ण रूपमा सत्य र तथ्यमा आधारित छन्। गलत विवरण पेश गरी सुविधा लिएको ठहरिएमा संस्थाको नियमानुसार हुने कानुनी कारबाही भोग्न मञ्जुर गर्दछु।

हस्ताक्षर ..... मिती .....

कार्यालय तथा समिति प्रयोजनका लागि मात्र

क० सिफारिस तथा परीक्षण (कल्याणकारी उपसमिति /व्यवस्थापक

संलग्न कागजातहरू जाँच गर्दा कार्यविधि अनुसार दाबी रितपूर्वक भएको देखिएकाले रु। .....

स्वीकृतिका लागि सिफारिस गरिन्छ।

जाँच/सिफारिस गर्नेको हस्ताक्षर .....

नाम .....

पद .....

मिति .....

ख) निर्णय तथा स्वीकृति (सञ्चालक समिति / व्यवस्थापक)

स्वीकृत रकम अङ्कमा रु .....

स्वीकृत रकम (अक्षरूपी) .....

निर्णय र कैफियत

.....

.....

स्वीकृत गर्ने अधिकारीको हस्ताक्षर

नाम .....

पद .....

मिति .....